# स्वर्गद्वारी नगरपालिकाको

## वडास्तरीय  तथा नगरस्तरीय दलित संजाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८०

कार्यपालिका बैठकबाट स्विकृत मिती २०८०/११/१५

**स्वर्गद्वारी नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय, भिंग्री प्युठानस्वगद्वारी नगरपालिका प्युठान**

**लुम्बिनी प्रदेश नेपाल**

**दलित व्यक्तिहरुको वडा  तथा नगर संजाल गठन परिचालन सम्बन्धी कार्यविधि, २०८०**

यस स्वर्गद्वारी नगरपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गरेका दलित व्यक्तिहरुको सचेतना अभिवृद्धि गरी क्षमता विकास गराई हरेक व्यक्तिसँग प्रतिस्पर्धा गरेर श्रेस्ठता हाँसील गराई सक्षम नागरिक तयार गर्न अति आवश्यक महशुस गरी दलित व्यक्तिहरुलाई समेटी स्वर्गद्वारी नगरपालिकाका ९ वटै वडामा वडास्तरीय दलित संजाल र स्वर्गद्वारी नगरपालिकामा नगरस्तरीय दलित संजाल गठन र परिचालन गर्न उचित ठहर गरि यो कार्यविधि बनाई लागु गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारारम्भः**

क)**यो कार्यविधिको नाम** स्वर्गद्वारी नगरपालिका भित्र बसोबास गर्ने "दलित व्यक्तिहरुको वडास्तरीय तथा नगरस्तरीय संजाल गठन र परिचालन सम्बन्धी कार्यविधि,२०८०" रहने छ ।

ख)यो कार्यविधि स्वर्गद्वारी नगरपालिकाको बैठकद्वारा पारित भएको मितिदेखि लागु हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

क)**दलित व्यक्तिहरु** भन्नाले यस स्वर्गद्वारी नगरपालिका क्षेत्र भित्र स्थायी बसोबास गरेका नेपाली दलित व्यक्तिहरुलाई सम्झनुपर्छ ।

ख)**वडास्तरिय दलित संजाल** भन्नाले यस स्वर्गद्वारी नगरपालिका भित्र रहेका ९ वटा वडाहरुमा सम्बन्धित वडामा स्थायी वसोवास गरेका दलित नेपाली व्यक्तिहरुबाट दफा ३.१ बमोजिम गठन गरेको संजाललाई सम्झनुपर्छ ।

ग)**नगरस्तरिय दलित संजाल** भन्नाले यस स्वर्गद्धारी नगरपालिका भित्र रहेका ९ वटा वडाहरुमा दफा ३.१ बमोजिम गठन भएका संस्थाहरुबाट दफा ३.२ (क) बमोजिम गठन भएको समितीलाई सम्झनुपर्छ ।

घ)**संजाल** भन्नाले यस कार्यविधिको दफा ३.१ र दफा ३.२(क) बमोजिम गठन भएको संजाललाई सम्झनुपर्छ ।

ङ)**अध्यक्ष** भन्नाले यस कार्यविधि बमोजिम गठन हुने वडास्तरीय संजालको प्रमुख र नगरस्तरिय संजालको प्रमुखलाई सम्झनुपर्छ ।

च)**उपाध्यक्ष** भन्नाले यस कार्यविधि बमोजिम गठन हुने वडास्तरिय संजाल र नगरस्तरिय संजालको उपप्रमुखलाई सम्झनु पर्दछ ।

छ)**सचिव** भन्नाले यस कार्यविधि बमोजिम गठन हुने वडास्तरीय संजाल र नगरस्तरीय संजालको सचिवको कार्य गर्न तोकियको व्यक्तिलाई सम्झनु पर्छ ।

ज)**कोषाध्यक्ष** भन्नाले यस कार्यविधि बमोजिम गठन हुने वडा संजाल र नगर संजालकाको कोषाध्यक्ष भई लेखाको कार्य गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

**३.वडा तथा नगरस्तरिय संजाल गठन :**

**३.१यस स्वर्गद्वारी नगरपालिकाको वडा भित्र स्थायी रुपमा बसोबास गरेका दलित व्यक्तिहरुको भेलाबाट वडा स्तरीय दलित संजालमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई ध्यान दिएर ३३% महिला पदमा रहने गरी तपशिल बमोजिमका पदाधिकारीहरु रहने गरि गठन गरीने छ।**

क) अध्यक्ष १ जना

ख) उपाध्यक्ष १ जना

ग) सचिव १ जना

घ) कोषाध्यक्ष १ जना

ङ) सहसचिव १ जना

च) सदस्यहरु ६ जना

जम्मा ११ जना

झ) वडास्तरिय दलित संजालको सल्लाहकारमा सम्बन्धित वडाको अध्यक्ष, वडा सचिव र सम्बन्धित वडा बाट नगरस्तरिमा प्रतिनिधित्व गरेको नगरस्तरीय दलित संजालको पदाधिकारी रहनु हुनेछ र वडास्तरीय दलित संजालको नियमित बैठकमा नगरस्तरमा प्रतिनिधित्व गरेको पदाधिकारीहरुलाई उपस्थित गराउनु पर्नेछ।

३.१ बमोजिम गठन भएको वडा समितीको कार्यकाल ३ वर्षको हुने छ।

**३.२ नगरस्तरीय संजाल गठनः**

क) स्वर्गद्धारी नगरपालिकाका ९ वटै वडाका वडास्तरीय संजालका ११/११ जना पदाधिकारीहरु र वडास्तरीय संजालले नगरस्तरमा संजालमा बस्नको लागि सिफारीस गरेको १ जना व्यक्ति गरी एक वडाबाट जम्मा १२ जना नगरस्तरिय दलित भेला तथा अधिवेशनमा उपस्थित हुनेछन्।

ख)उपदफा ३.२ (क) बमोजिम नगरस्तरमा भेला तथा अधिवेशसनमा उपस्थीत भै नगरस्तरीय संजालको पदाधिकारीहरुको छनोट भेला बाट तपशिल बमोजिमको पदाधिकारी चयन गरिने छ।

क.अध्यक्ष १ जना

ख.उपाध्यक्ष १ जना

ग.सचिव १ जना

घ कोषाध्यक्ष १ जना

ङ.सहसचिव १ जना

च.सदस्यहरु ४ जना

जम्मा ९ जना

ग) ३.२ क) बमोजिम गठन भएको नगरस्तरीय संजालमा लैंगिक हिसाबले महिला र अपांगताको प्रतिनिधित्व नभएमा संजालको बैठकद्धारा मनोनित गरेर १ जना महिला र १ जना अपांगतालाई प्रतिनिधित्व गर्न सक्नेछ।

(घ) उपदफा (क) बमोजिम गठन भएको नगरस्तरीय संजालको कार्यकाल ३ वर्षको हुनेछ।

**४ वडा संजालको काम कर्तव्य अधिकारः**

(क) दफा ३.१ बमोजिम गठन भएको वडा संजालले दलित व्यक्तिहरुको सचेतना अभिवृद्धि गराई सक्षम नागरिक तयार गर्न क्षमता विकास र सीपमुलक तालिम संचालन गर्न योजना बनाई नगर संजाल मार्फत नगरपालिका कार्यालयबाट वडा संजाललाई छुट्टाईएको बजेट कार्यान्वयन गर्न संजालले सबै दलित व्यक्तिहरुलाई सहभागी गराई क्षमता विकास, आयआर्जन गर्ने सीपमुलक तालिम गोष्ठी प्रशिक्षण संचालन गर्ने वडा संजाल र वडा विकासका अन्य कार्यक्रम तथा योजना अन्तर्गत रहि काम गर्ने ।

**५वडास्तरीय तथा नगरस्तरीय दलित संजालको बैठक संचालन प्रक्रिया**

क)वडास्तरीय तथा नगरस्तरीय दलित संजालको बैठक कम्तीमा वर्षमा ३ पटक वा चौमासीक रुपमा अनिवार्य र आवश्यक परेको खण्डमा अन्य समयमा पनि अध्यक्षको अनुमति अनुसार बस्न सक्नेछ ।

ख)बैठक बस्नुभन्दा ४८ घण्टा अगाडी नै अध्यक्षले निर्देशन दिएमा अध्यक्ष सँग सचिवले समन्वय गरी प्रस्ताव सहित मिती समय र स्थान तोकी संजालका अन्य पदाधिकारीहरुलाई जानकारी गराई सूचना दिनुपर्ने छ ।

ग)वडास्तरिय तथा नगरस्तरिय संजालको जुनसुकै पदाधिकारी कुनै जानकारी विना लगातार ३ पटक सम्मको बैठकमा अनुपस्थीत भएमा उसको पद स्वतः खारेज हुनेछ र संजालको बैठक बसी बैठकको निर्णय अनुसार सो पदपुर्ति गरिने छ ।

घ)नियमीत बैठकमा उपस्थीत भएमा नगरपालिकाद्वारा गठन भएका अन्य लक्षित वर्गका संजालहरु (महिला, जेष्ठ नागरिक, अपांगता, जनजाति ,बालबालिका) ले पाउने सेवा,सुविधा सरह उपलब्ध गराउनु पर्नेछ ।

**६ नगरस्तरीय तथा वडास्तरीय दलित संजालको काम कर्तव्य र अधिकारः**

यस कार्यविधिको दफा ३.१ र ३.२ बमोजिम गठित वडा तथा नगर दलित संजालको काम कर्तव्य र अधिकार :

१)दफा ३.१ र ३.२ बमोजिम गठन भएको वडा तथा नगर संजालले दलित भएको नगरस्तरीय संजालले दलित व्यक्तिहरुको सचेतना अभिवृद्धि गराई सक्षम नागरिक तयार गर्ने ।

२)नगरपालिकाको जिम्मेवारी तथा नेतृत्व गर्ने सम्बन्धि शाखाका कर्मचारी र अन्य कर्मचारीहरु अन्तर्गत रहि सल्लाह सुझाव आदानप्रदान गरी कार्य संचालन गर्ने ।

३)दफा ३.१ र ३.२ बमोजिम गठन भएको वडा तथा नगर संजालले दलित व्यक्तिहरुको सचेतना अभिबृद्धि गराई सक्षम नागरिक तयार गर्न, क्षमता विकास,उद्यमशिलता र सीपमुलक वडास्तरीय तालिम संचालन गर्ने योजना बनाई नगरपालिका कार्यालबाट दलित तर्फ छुटाईएको बजेट विनियोजन गरी वडा संजाल लगायत सबै दलित व्यक्तिहरुलाई सहभागी गराई क्षमता विकास र आयआर्जन गर्ने सीपमुलक तालिम गोष्ठि, प्रशिक्षण संचालन गर्न वडा संजाललाई सहयोग गर्ने ।

४) दलित भएका व्यक्तिहरुलाई आवश्यक पर्ने योजना बजेट तथा कार्यक्रम स्थानीय प्रदेश र संघ सरकार सँग माग गर्नको लागि सम्बन्धित शाखा सँग समन्वय तथा माग गरी कार्यान्वयनमा सहजता ल्याउने ।

**७ वडास्तरीय दलित संजालको पदाधिकारीहरुको काम कर्तव्य र अधिकार**

**क) वडा संजालको अध्यक्षको काम कर्तव्य र अधिकार**

- वडास्तरीय संजालको बैठकको अध्यक्षता गर्ने ।

- वडास्तरीय संजालको तर्फबाट गर्ने सम्पुर्ण कामको प्रतिनिधित्व गर्ने कुनै कारणबस आफु उपस्थीत हुन नसकेमा बरियताका आधारमा अन्य पदाधिकारीलाई जानकारी गराई सहभागीतामा समावेश गराउने ।
- वडास्तरीय संजाललाई नेतृत्व प्रदान गर्ने ।
- अन्य आवश्यक सम्पुर्ण काम गर्ने तथा गर्न निर्देशन गर्ने ।

**ख) वडास्तरीय संजालको उपाध्यक्षको काम कर्तव्य र अधिकार**

- अध्यक्षलाई सहयोग गर्ने ।
- अध्यक्षको अनुपस्थितीमा वडा संजालको बैठकको अध्यक्षता गर्ने ।
- अध्यक्षको अनुपस्थीतिमा अध्यक्षले गर्ने सबै काम गर्ने ।

**ग) वडास्तरीय संजालको सचिवको काम कर्तव्य र अधिकार**

- अध्यक्षको सहमतिमा वडा संजालको बैठक बोलाउने ।
- बैठकको उपस्थीति उठाई बैठक संचालन गर्ने ।
- अध्यक्षले तोकेको अन्य काम गरी अध्यक्षलाई सहयोग गर्ने ।

**घ) वडास्तीरय संजालको कोषाध्यक्षको काम कर्तव्य र अधिकार**

- अध्यक्ष सँग सल्लाह गरी वडास्तरीय संजालको आय व्ययको हिसा दुरुस्त हिसाव राखी लेखा परीक्षण गराउने ।
- वडा समितीको कोष सम्बन्धी अन्य कामहरु गर्ने ।

**ङ)सहसचिवको काम कर्तव्य अधिकार**

- सचिवको अनुपस्थीतिमा सचिवको कार्यबहार समाल्ने ।
- अध्यक्षले दिएको अन्य सम्पुर्ण निर्देशन पालन गर्ने ।
- संञ्जाललाई सफल पार्ने ।

**च) वडास्तरिय संजालका सदस्यहरुको काम कर्तव्य र अधिकार**

- अध्यक्षलाई सहयोग गरी वडास्तरीय संजाललाई सफल पार्ने

**८)नगरस्तरिय दलित संजालको पदाधिकारीहरुको काम कर्तव्य र अधिकार**

**क)नगरस्तरिय संजालको अध्यक्षको काम कर्तव्य अधिकार**

- नगरस्तरीय संजालको बैठकको अध्यक्षता गर्ने ।
- नगरस्तरीय संजालको तर्फबाट गर्ने सम्पुर्ण कामको प्रतिनिधित्व गर्ने ।
- नगर संजाल र वडा संजाललाई नेतृत्व प्रदान गर्ने ।
- अन्य आवश्यक कामहरु गर्ने तथा गर्न निर्देशन दिने ।

**ख) नगरस्तरिय संजालको उपाध्यक्षको काम कर्तव्य र अधिकार**

- अध्यक्षलाई सहयोग गर्ने ।

- अध्यक्षको अनुपस्थीतिमा नगर संजालको बैठकको अध्यक्षता गर्ने ।
- अध्यक्षको अनुपस्थीतिमा अध्यक्षले गर्ने सबै काम गर्ने ।

ग) नगरस्तरीय संजालको सचिवको काम कर्तव्य र अधिकार

- अध्यक्षको सहमतिमा नगरस्तरीय संजालको बैठक बोलाउने ।
- बैठकको उपस्थीति उठाई बैठक संचालन गर्ने ।
- अध्यक्षले तोकेका अन्य काम गरी संयोजकलाई सहयोग गर्ने ।

घ) नगरस्तरीय संजालको सहसचिवको काम कर्तव्य अधिकार

- सचिवको अनुपस्थीतिमा सचिवले गर्ने सबै काम गर्ने ।

च) नगरसंजालको कोषाध्यक्षको काम कर्तव्य र अधिकार

- अध्यक्षसँग सल्लाह गरी नगरस्तरीय संजालको आयव्ययको हिसाब दुरुस्त राखी लेखा परिक्षण गराउने ।
- नगरस्तरीय संजालको कोष सम्बन्धी अन्य कामहरु गर्ने ।
  छ) सदस्यको काम कर्तव्य र अधिकार
- संजाललाई सफल पार्ने,
- अध्यक्ष र अन्य पदाधिकारीले दिएको निर्देशनको पुर्ण पालना गर्ने ।

**९)कोषको व्यवस्थाः**

दलित व्यक्तिहरुको नगरस्तरीय दलित संजाल, वडास्तरीय दलित संजाल र दलित व्यक्तिहरुका लागि कोषको व्यवस्था देहाय बमोजिम हुनेछ ।

- नगरकार्यपालिकाले निर्णय गरी दलित व्यक्तिहरुको नगरस्तरीय संजाल, वडास्तरिय संजालको र दलित व्यक्तिको लागि  नगरपालिकाले कोषमा जम्मा गरेको रकम ।
- नेपाल सरकारबाट प्राप्त अनुदान रकम
- विदेशी संघ संस्थाबाट प्राप्त रकम
- गैर सरकारी संघ संस्थाबाट प्राप्त हुन आउने रकम
- अन्य ठाउँबाट प्राप्त हुन आउने रकम ।